# संयुक्त प्रेस विज्ञप्ति

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**नेपालमा साक्षी तथा पीडित संरक्षण संयन्त्रको शीघ्र स्थापनाका लागि उच्चायुक्तको कार्यालयद्वारा आग्रह**

*काठमाडौं* – दक्षिण एसियाली राष्ट्रहरूका साथै नेपालका प्रतिनिधिहरूसमेत सहभागी रहेको साक्षी तथा पीडित संरक्षणसम्बन्धी नेपालमा भएको दक्षिण एसियाली क्षेत्रीय सम्मेलन तथा राष्ट्रिय परामर्शको समापनपश्चात् संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय)ले सरकारलाई मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका पीडित तथा साक्षीहरूको संरक्षण सुनिश्चित गर्न एक प्रभावकारी संयन्त्रको शीघ्र रूपमा स्थापना गर्न आह्वान गरेको छ। यस्तो आह्वानमा बृहत् कानुन पारित गर्ने तथा प्रमुख पात्रहरूले महिला तथा बालबालिकाको संरक्षणसम्बन्धी विशिष्ट आवश्यकतामाथि विशेष ध्यान पुऱ्याउनुपर्ने जस्ता कुराहरू पर्दछन्।

नेपाल सरकारले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर) लगायत थुप्रै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको अनुमोदन गरेर पीडित तथा साक्षीहरूको संरक्षणलगायत तिनका अधिकारको सुरक्षा गर्ने प्रतिबद्धता जनाइसकेको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्रको भविष्यमा हुने स्थापनाको आलोकमा नेपालका लागि अब त्यस्तो संरक्षणलाई व्यावहारिक यथार्थमा परिणत गर्न विशिष्ट उपायहरू अपनाउनुपर्ने समय आएको छ।

> “उच्चायुक्तको कार्यालय-नेपाल सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगको स्थापनाका साथै द्वन्द्वपीडितहरूलाई तत्काल राहत दिने केही नीति तथा मार्गनिर्देशनसम्बन्धी हालसम्म नेपाल सरकारले चालेका कदमहरूको स्वागत गर्दछ,” उच्चायुक्तको कार्यालय-नेपालका अफिसर इन्चार्ज एन्डू पामरले भन्नुभयो। “तर, न्याय तथा परिपूरणका अधिकारमाथि हालसम्म उचितरूपमा जोड दिइएको छैन र यी उपायहरूले हालसम्म साक्षी तथा पीडितहरूको संरक्षणसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न बाँकी नै छ। यी यस्ता उपायहरू हुन् जुन द्वन्द्वपीडित र साक्षीहरूको सर्वोत्तम हितमा आफ्नो कार्य गर्न आयोगहरूका निम्ति अत्यन्त आवश्यक छन।”

राष्ट्रिय परामर्शका सहभागीहरूले साक्षी तथा पीडितको संरक्षण गर्ने संयन्त्रको स्थापनामा रहेका वर्तमान चुनौती, कमीकमजोरी तथा विभिन्न पात्र तथा सरोकारवालाहरूको यससम्बन्धी जिम्मेवारीको पहिचान गरे। विशेषगरी नयाँ संविधान तथा नयाँ फौजदारी कानुनलाई पारित गरेर धेरै वर्षसम्म टिक्ने संरक्षणको खाका स्थापना गर्ने एक अनुपम अवसर नेपाललाई प्राप्त भएको छ भन्ने कुरामा सहमति भयो। यस अवसरको सदुपयोग गरेर नेपाली कानुनभित्रै मानवअधिकार उल्लङ्घन तथा गम्भीर अपराधका सबै पीडित तथा साक्षीहरूको संरक्षण गर्ने स्थायी व्यवस्था गर्न सकिन्छ।

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937